## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोषअन्तर्गत प्रोजेक्ट अफिस, लुम्बिनीको लागि आयात हुने भा.रू. ३३,१६०।– मूल्य बराबरको मोडेल आर. एक्स. १०० राजदूत मोटर साईकल थान २ (दुई) मा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको परिच्छेद २ को दफा ३ देहायका जिल्लाहरूमा २०४५ साल श्रावण १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. लमजुङ २. खोटाङ।

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव



22

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार